# नेपाल धितोपत्र बिनिमय बजार लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :
**Ref No.**

## प्रेश विज्ञप्ति

नेप्से परिसूचकमा हालसाल आएको निरन्तर ह्रास प्रति यस विनिमय बजारको गम्भिर ध्यानाकर्षण भएको छ । यस ह्रासमा खास गरी बैंकिङ्ग समूह, वित्त समूह तथा विकास बैंक समूहका कम्पनीहरुको शेयर मूल्यमा आएको गिरावट नै मुख्य रहेको छ ।

मुलुकको राजनैतिक, आर्थिक स्थिति एवं सूचिकृत कम्पनीहरुको वित्तीय तथा अन्य प्राविधिक स्थितिमा खास कुनै परिवर्तन नआईकन यसरी शेयर मूल्यमा आएको उल्लेख्य गिरावटलाई स्वभाविक मान्न नसकिने स्थिति रहेको हुंदा लगानीकर्ताहरु हतोत्साहित हुनु पर्ने स्थिति रहेको देखिदैन । वित्तीय स्थिति राम्रो भएका कतिपय कम्पनीहरुको शेयर मूल्यमा समेत निरन्तर ह्रास आएको देखिएकोले खरीद विक्री खासगरी हालको स्थितिमा विक्री गर्ने निर्णय गर्दा हल्लाको भरमा नलागी विवेकसम्मत रुपमा निर्णय गर्न अनुरोध गरिन्छ । साथै विनिमय बजारमा समय-समयमा मूल्यमा प्रभाव पार्न अनावश्यक हल्ला (Rumor) को आधारमा खरीद विक्री सम्बन्धी निर्णय गर्दा विक्रीकर्ता तथा खरीदकर्ताले बजारबाट हुने लाभ (Market Benefit) बाट वन्चित हुन सक्ने हुंदा सदैव लगानी सम्बन्धी निर्णय गर्दा कम्पनीको वर्तमान स्थिति, मौजुदा परिवेशमा कम्पनीको मुनाफा कमाउने क्षमता समेत विश्लेषण गरी वर्तमान अपरिवर्तित आधारभूत स्थितिमा हतोत्साहित नहुन लगानीकर्ताहरु सहित सम्वद्ध सवैमा यस विनिमय बजार अनुरोध गर्दछ ।

मिति : २०६४।१०।२२

(मुराहरि पराजुली)
अधिकृत
सुपरिवेक्षण, सूचिकरण तथा वित्त विभाग


पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : stock@enet.com.np, info@nepalstock.com**